नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रे

टेलिफोन नं.०११-४९५०५५
फ्याक्स नं. ०११-४९५०७८

प.सं. : २०७५।७६ प्रशासन शाखा च.नं. :-९६

मिति : २०७५।०४।०९

विषय :- जुनियर नापी तालिम सम्वन्धमा ।

श्री सर्वोच्च अदालत, रामशाहपथ काठमाण्डौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री नापी विभाग, मीनभवन, काठमाण्डौं ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल काठमाण्डौं ।
श्री सडक विभाग, बबरमहल, काठमाण्डौं ।
श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाण्डौं ।
श्री खानी तथा भू-गर्भ विभाग, लैनचौर काठमाण्डौं ।
श्री सिचाइ विभाग, जाउलाखेल, ललितपुर ।

प्रस्तुत विषयमा यस केन्द्रको आ.व. २०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम आन्तरिक तर्फको जुनियर नापी तालिममा प्रशिक्षार्थी छनौट गर्ने लक्ष्य रहेको हुदाँ जुनियर नापी तालिमको लागि आन्तरिकतर्फ ज्येष्ठतावाट प्रशिक्षार्थीहरुको लागि नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प. अनं. प्रथम श्रेणी वा सोसरहको पदमा कार्यरत कर्मचारीहरुमध्ये ज्येष्ठता अनुसार ६ जना तथा नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प. अनं. द्वितिय श्रेणी वा सोसरहको पदमा कार्यरत कर्मचारीहरुमध्ये ज्येष्ठता अनुसार ६ जना गरी जम्मा १२ जना छनौट गर्नु पर्ने र नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा कार्यरत कर्मचारीहरुमध्ये आन्तरिक पतिस्पर्धावाट १२ जना गरी जम्मा २४ (चौविस) जना प्रशिक्षार्थीहरुलाई छनौट गरी आन्तरिक विभागीय समूहको १ (एक) वर्षे जुनियर नापी तालिम संचालन गर्ने कार्यक्रम भए अनुसार देहायका योग्यता पुगेका कर्मचारीहरुवाट दरखास्त माग गर्ने केन्द्रको मिति २०७५।०४।०७ को निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१. प्रशिक्षार्थी माग संख्या २४ (चौविस) जना ।
   क) जेष्ठतावाट १२ जना (रा.प.अनं.प्रथम श्रेणी ६ जना र रा.प.अनं. द्वितिय श्रेणी ६ जना)
   ख) आन्तरिक प्रतिष्पर्धावाट १२ जना

२. आवश्यक न्यूनमम योग्यता:
   क) नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा कार्यरत रहेको ।
   ख) एस.एल.सी. वा सो सरह उर्तीण गरी अमीन वा आधारभूत नापी तालिम प्राप्त गरेको ।
   ग) आवेदन दिने अन्तिम मिति सम्ममा नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा कम्तिमा ३ वर्ष स्थायी सेवा अवधि पुरा गरेको ।

(क्रमश...

३. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः

क) एस.एल.सी. वा सो सरह उर्तीण गरेको प्रमाण-पत्रको प्रतिलिपी ।

ख) अमीन वा आधारभूत नापी तालिम उर्तीण गरेको प्रमाण-पत्रको प्रतिलिपी ।

ग) नेपाल ईन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा नियुक्ति पाएको नियुक्ती पत्रको प्रतिलिपी

घ) विभागीय प्रमुखको सिफारिश ।

४. आन्तरिक तर्फ

क) केन्द्रवाट दरखास्त परिपत्र मितिः- २०७५।०४।०९

ख) केन्द्रमा दरखास्त आइपुग्नु पर्ने अन्तिम मितिः- २०७५।०४।३०

ग) आन्तरिक पतिस्प्रर्धाको लागि प्रवेश परीक्षा मितिः- २०७५।०५।०९

घ) ज्येष्ठताको प्रशिक्षार्थी छनौट भएपछि मात्र आन्तरिक पतिस्प्रर्धाको नतिजा प्रकाशन गरिनेछ

५. भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रवाट अन्तिम छनौट नतिजा प्रकाशन मितिः- २०७५।०५।११

६. छनौट भएका प्रशिक्षार्थहरुले केन्द्रमा सम्पर्क गर्नुपर्ने मितिः- २०७५।०५।१७

७. जुनियर नापी तालिम शुरु हुने मितिः- २०७५।०५।२१

०७५।०४।०९

(संजय मानन्धर)
प्रशिक्षक

वोधार्थः
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

M/C